## मिति २०७९।५।१४ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/चौथो बैठक

**निर्णय नं. १**

इलाम नगर कार्यपालिकाको गत बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयन तथा प्रगति सम्बन्धमा समीक्षा गर्दै कार्यान्वयन हुन बाँकी पूर्व निर्णयहरुलाई यथासमयमा कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

इलाम नगरपालिकाअन्तर्गत निम्नानुसारको विद्यालय भवनहरु जीर्ण तथा धराप अवस्थामा रहेको हुनाले सो जीर्ण अवस्थाको अवस्थाको भवन भत्काई, भवन भत्काउँदा निस्केका जिन्सी सामग्रीहरु विद्यालयमा आम्दानी बाँधी लगत राखी जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा छलफल हुँदा इलाम नगरपालिका, विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८ को दफा ५(२) बमोजिम थप अध्ययनका लागि सामाजिक विकास समितिमा पठाई ७ दिन भित्रमा राय परामर्श पठाउन अनुरोध गर्ने र उल्लिखित कार्यमा पूर्वाधार विकास महाशाखा र शिक्षा तथा खेलकूद विकास शाखाले सहयोग गर्ने समेत निर्णय गरियो ।

निम्न :

१) अमर मा.वि. भवन बरबोटेको जीर्ण अवस्थाको भवन १ वटा भत्काई सो स्थानमा नयाँ भवन बनाउने ।
२) भगवती मा.वि. गोलाखर्कको मूल सडक छेउको जीर्ण अवस्थाको भवन भत्काई सो स्थानको उपयोग गर्ने ।
३) आदर्श मा.वि.मा समाहित साविक नवीन प्रगति आ.वि. कुलधाराको जीर्ण भवन भत्काई सो स्थानमा ओमशान्ति चरित्र विज्ञान तथा ध्यान कक्षा बनाउन ब्रह्माकुमारी राजयोग सेवा केन्द्र इलामसँग सहकार्य ।
४) अमर मा.वि. बरबोटे इलामको नमुना विद्यालय विकास कार्यक्रमअन्तर्गत भौतिक निर्माण, शैक्षिक र व्यवस्थापकीय गुरुयोजना ।

**निर्णय नं. ३**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन हुने अपाङ्गता समन्वय समितिमा सो ऐनको दफा ४२(२)(ख) बमोजिमको सदस्य पदमा कार्यपालिका सदस्य श्री डायना राईलाई तोक्ने र समितिको अन्य पदाधिकारीहरुको हकमा ११ औ नगर सभाको नीतिबमोजिम आवश्यकतानुसार पदाधिकारीहरु हेरफेर गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ४**

राष्ट्रिय भूमि आयोग र इलाम नगरपालिका बीच मिति २०७९।३।१६ मा सम्पन्न सम्झौताबमोजिम इलाम नगरपालिकामा "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र" गठन गर्नु पर्ने भएकोले सो सेवा केन्द्र गठन गर्ने र सो सेवा केन्द्रको प्रमुखको कामकाज समेत गर्ने जिम्मेवारी सूचना प्रविधि अधिकृत श्री दिपेश श्रेष्ठलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

इलाम नगरपालिकाको मिति २०७८।८।१५ को निर्णयानुसार इलाम नगरपालिका, शिक्षा (आठौ संशोधन) नियमावली, २०७८ जारी भई लागू भइसकेको भए पनि साविक शिक्षा (सातौ संशोधनसहित) नियमावली, २०७४ बमोजिमको नगर शिक्षा समिति यथास्थितिमा रही नयाँ संरचनाबमोजिम गठन नभएको कारण बैठक समेत हुन नसकी निस्कृय अवस्थामा रहेको हुनाले नगरको शैक्षिक व्यवस्थापनमा समस्या भइरहेको कारण सो पुरानो साविकको निष्कृय रहेको नगर शिक्षा समितिको संरचनालाई इलाम नगरपालिका, शिक्षा (आठौ संशोधनसहित) नियमावली, २०७४ को दफा २५(१) र ११ औ नगर सभाको नीति बमोजिम आवश्यकतानुसार समितिका पदाधिकारीहरु हेरफेर समेत गरी नगर शिक्षा समिति गठन तथा परिचालन गर्नु आवश्यक भएको हुँदा सो समितिमा निम्नानुसार सदस्य तोक्ने र नियमावलीमा व्यवस्था भएको अन्य पदाधिकारीहरु समेत हेरफेर गर्ने र निर्णय गरियो ।

**निम्न**

| कार्यविधिको दफा | तोकिएको व्यक्तिको नामथर, ठेगाना |
|---|---|
| २५(१)(ख) कार्यपालिकाले तोकेको नगरपालिकाका १ महिला, १ दलित समेत ३ जना | १) श्री अम्बिका चौहान, इलाम ९<br>२) श्री सुमन दास, इलाम ६<br>३) श्री हुकुम थेबे, इलाम ७ |
| २५(१)(च) शिक्षा क्षेत्रमा विशेष योगदान पुऱ्याउने विज्ञ व्यक्तिहरु मध्येबाट कार्यपालिकाले तोकेको १ महिलासहित २ जना | १) श्री खडानन्द अधिकारी, इलाम ९<br>२) श्री रिता फुयल दुलाल, इलाम ४ |

**निर्णय नं. ६**

इलाम नगरपालिकाको च.नं. ४८१ मिति २०७९।५।५ र च.नं. ५६९ मिति २०७९।५।१२ को करार शिक्षक नियुक्ति सम्बन्धी विज्ञापन अनुमोदन गर्दै इलाम नगरपालिका, शिक्षा (आठौ संशोधनसहित) नियमावली, २०७४ को दफा ५७(१) र ११ औ नगर सभाको नीति बमोजिम शिक्षक तथा कर्मचारी छनौट नगर समितिका पदाधिकारीहरु आवश्यकतानुसार हेरफेर गरी करार शिक्षक पदपूर्तिको प्रक्रिया सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

इलाम नगरपालिका, घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम निम्नानुसार प्रोपराइटर भएको निम्न निर्माण सेवालाई उल्लेख भए बमोजिम ठेगाना रहने गरी घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्नका लागि सो कार्यविधिको दफा २ को उपदफा ३ अनुसार जाँचबुझ समितिबाट पेश भए अनुसार इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**मिति २०७९।५।१४ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/चौथो बैठक**

**निम्न :**

**नयाँ इजाजत**

१) श्री सूर्योदय निर्माण सेवा एण्ड सप्लायर्स इलाम, प्रो. केशव खनाल, इलाम नगरपालिका वडा नं. ९, इलाम
२) श्री सिद्दु कन्स्ट्रक्स प्रा.लि. इलाम, प्रो. सिद्धान्त भट्टराई , इलाम नगरपालिका वडा नं. १० इलाम

**नामसारी र नाम परिवर्तन**

| सि.न | साविकको फर्मको नाम, प्रो. नाम र ठेगाना | नाम परिवर्तन भएको फर्मको नाम, प्रो. नाम र ठेगाना |
|---|---|---|
| १ | माईभगवती निर्माण सेवा., प्रो. मनोज बुढाथोकी, इ.न.पा.-०७, इलाम | माईभगवती निर्माण सेवा प्रा. लि., प्रो. मनोज बुढाथोकी, इ.न.पा.-०७, इलाम |
| २ | श्री बुद्धिष्ट निर्माण सेवा, प्रो. खनु श्रेष्ठ, इ.न.पा.-०७, इलाम | श्री बुद्धिष्ट निर्माण सेवा, प्रो. सुमन श्रेष्ठ, इ.न.पा.-०७, इलाम |
| ३ | श्री सुरज कन्स्ट्रक्सन, प्रो. सुरज अधिकारी, इ.न.पा.-०९, इलाम | श्री एम.सि.आई.कन्स्ट्रक्सन कम्पनी प्रा.लि., प्रो. सुरज अधिकारी, इ.न.पा.-०९, इलाम |

**निर्णय नं. ८**

इलाम नगरपालिकाको ११ औ नगर सभाको नीतिबमोजिम नगरपालिकाको सूचना तथा तथ्याङ्क प्रणालीलाई भौगोलिक सूचना प्रणालीमार्फत व्यवस्थित गरी नगरको नगर पार्श्वचित्र र आधारसूचक तयार गरी तथ्याङ्कहरुलाई डिजिटल माध्यमबाट व्यवस्थित गर्नका लागि कार्यालयको मौजुदा जनशक्तिबाट सम्भव नहुने भएको र सोको लागि परामर्शदातृ संस्थाबाट कार्यसम्पादन गर्नु गराउनु आवश्यक भएकोले सो कार्यसम्पादनमा सहयोगको लागि नामसालिङ्ग सामुदायिक विकास केन्द्रलाई सहयोग गर्न अनुरोध गर्दै तत्सम्बन्धी अवधारणा र प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इलाम नगरपालिका वडा नं. ३ पुवामझुवामा शान्ति सुरक्षाको लागि प्रहरी बिट राख्न आवश्यक देखिएको हुँदा प्रहरी बिटको व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालय इलाममार्फत जिल्ला सुरक्षा समितिमा अनुरोध गर्दै प्रहरी बिटका लागि आवश्यक जग्गा खोजी तथा तत्कालका लागि भवन व्यवस्थापनमा सहयोग गर्न ३ नं. वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम इलाम नगरपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन भइरहेको हुँदा गत आ.ब. २०७७।०७८ मा इलाम नगरपालिका वडा नं. ११ र आ.ब. ०७८।०७९ मा इलाम नगरपालिका वडा नं. ४ र ५ मा सञ्चालित कार्यक्रमको समीक्षा गर्दै चालु आ.ब. ०७९।०८० मा सो कार्यक्रम इलाम नगरपालिका वडा नं. ६ मा सञ्चालनका लागि आवश्यक सर्वेक्षण गर्ने निर्णय गरियो ।

**एजेण्डा**

- अमर मा.वि. बरबोटेको पुरानो जीर्ण भवन भत्काउने स्वीकृति
- अपाङ्गता समन्वय समितिमा महिला कार्यपालिका सदस्य तोक्ने
- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी सेवा केन्द्रको प्रमुखको जिम्मेवारी तोक्ने

- नगर शिक्षा समितिमा कार्यपालिकाबाट पदाधिकारी तोक्ने
- निर्माण व्यवसायको नयाँ इजाजत, नामसारी र नाम परिवर्तन सम्बन्धी
- अमर मा.वि. बरबोटेको नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गतको गुरुयोजना परिमार्जनसहित स्वीकृति

**निर्णय नं. ८**

इलाम नगरपालिका

नं. १

**निर्णय नं. ९**

इलाम य गरियो ।

**निर्णय नं. १०**

इलाम निर्णय गरियो ।

**निर्णय नं. ११**

इलाम नगरपालिको निर्णय गरियो ।

## मिति २०७९।५।१४ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/चौथो बैठक

**निर्णय नं. १२**

इलाम नगरपालिका

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, जग्गा प्रशासन शाखा, सिंहदरबार काठमाडौको च.नं. १६४२ मिति २०७९।२।३० को परिपत्रानुसार भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ मा भएको व्यवस्थालाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भूउपयोग कार्यक्रम सञ्चालन नहुन्जेलसम्म वा भूउपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम (७) बमोजिम चारकिल्ला खुलाई कृषि क्षेत्र नतोकेसम्म कित्ताकाट/धितोबन्धक प्रयोजनका लागि सिफारिस आवश्यक भएकोले भूउपयोग नियमावली, २०७९ को नियम ८, अनुसूची १ मा उल्लिखित भूउपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा क्षेत्रफलबमोजिम मालपोत कार्यालय इलाममा सिफारिस गरि पाउँ भनी निम्न जग्गाधनीले आवेदन गरेको हुँदा आजको कार्यपालिका बैठकमै स्थानीय भूउपयोग परिषदको समेत बैठक बसी निम्नानुसार भूउपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो ।

**निम्न :**

| जग्गाधनीको नामथर | वडा नं. | जग्गाको कित्ता नम्वर, क्षेत्रफल र धनीपूर्जामा उल्लेख भएको किसिम | | | | | | धनीपूर्जामा उल्लेख गर्न चाहेको भूउपयोग क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक न.पा वा गाविस | वडा नं. | नक्सा नं. | कि.नं. | क्षेत्रफल | किसिम | |
| चन्द्रकला लक्सम | ६ | इलाम | ८ | ८।ख | १९५६ | २।३।१।३ | | आवासीय |
| | ६ | इलाम | ८ | ८।ख | १०२८ | १।३।०।० | | आवासीय |
| | ६ | इलाम | ८ | ८।ख | ११५१ | ०।३।०।० | | आवासीय |

**निर्णय नं. ६**

इलाम नगरपालिकाको स्वीकृत दरबन्दीमा प्रदेश लोक सेवा आयोगबाट कर्मचारी सिफारिस भई आएमा वा मन्त्रालयबाट समायोजन भई आएमा स्वतः करार संझौता भङ्ग गर्ने गरी इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम कृषि प्राविधिक (चौथों) पदमा २, पशु सेवा प्राविधिक (चौथो) पदमा २, अमिन (चौथों) पदमा २ र सव इन्जिनियर (अटो/मेकानिकल) पदमा १ जना करारसेवामार्फत पदपूर्ति गरी कार्यसम्पादन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

**निर्णय नं. ९**

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्ँनानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

अध्यक्ष श्री ..............................., इलाम नगरपालिका वार्ड नं. ..........

उपाध्यक्ष श्री ............................, इलाम नगरपालिका वार्ड नं. ............

सचिव श्री ................................., इलाम नगरपालिका वार्ड नं. ..........

कोषाध्यक्ष श्री ............................, इलाम नगरपालिका वार्ड नं. ..........

प्राविधिक कर्मचारी पदपूर्ति

अपाङ्गता समन्वय समितिमा महिला कार्यपालिका सदस्य तोक्ने

नगर महिला समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तोक्ने

नगर आदिवासी जनजाति समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तोक्ने

**मिति २०७९।५।१४ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/चौथो बैठक**

**निर्णय नं. ५**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन हुने अपाङ्गता समन्वय समितिको सदस्य पदमा कार्यपालिका सदस्य श्री ........................................(महिला) लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ को दफा ५ बमोजिम गठन हुने समितिमा स्वास्थ्य क्षेत्रका अनुभवी व्यक्तिहरुबाट श्री ..................................... र श्री .......................................... (महिला) लाई तोक्ने ।

**निर्णय नं. ७**

इलाम नगरपालिका र धरान उपमहानगरपालिका बीच मिति २०७५।१।१ मा सम्पन्न भगिनी सम्बन्ध स्थापनासम्बन्धी सम्झौता पत्रको बुँदा नं. (क) कार्यान्वयनका लागि गठित संयुक्त समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने ।

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका वडाध्यक्ष वा वडा सदस्य मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित २/२ जना (मनोनित गर्दा लक्षित समूहका संभव भएसम्म महिलाहरुलाई प्राथमिकता दिएर मनोनित गर्ने) – वडाध्यक्ष श्री ................................... वडा सदस्य श्री ......................................................

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका नगर कार्यपालिका सदस्य (महिला) मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित १/१ जना, – का.पा.स. श्री .............................................

**निर्णय नं. ८**

इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम बीच मिति २०६९ चैत्र २० गते सम्पन्न सम्झौता अनुसार हरितनगर अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिएको हुँदा सोको सुसञ्चालनको लागि नगर कार्यपालिकाको मिति २०७५।५।५ को निर्णयानुसार सञ्चालक समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने :

निम्न

सदस्य – नगर प्रमुखबाट प्राज्ञिक क्षेत्रमा विगतमा काम गरेका बुद्धिजीवीबाट १ जना महिला मनोनयन गरिने – ......................................................

सदस्य – नगर प्रमुखबाट पूर्व क्याम्पस प्रमुखहरु मध्येबाट १ जना मनोनयन गरिने – ......................

सदस्य – नगर प्रमुखबाट क्याम्पस रहेको वडाको मा.वि. का प्रधानाध्यापकहरु मध्येबाट १ जना मनोनयन गरिने – ............................................

**निर्णय नं. ९**

इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर महिला समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

*अध्यक्ष श्री गायत्री थेगिम, इलाम नगरपालिका वार्ड नं. ६*
*उपाध्यक्ष श्री सुनिता बस्नेत, इलाम नगरपालिका वार्ड नं. ९*
*सचिव श्री सुमित्रा घिमिरे, इलाम नगरपालिका वार्ड नं. ९*
*कोषाध्यक्ष श्री मीना रिजाल, इलाम नगरपालिका वार्ड नं. ७*

**निर्णय नं. १०**

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्ँनानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

*अध्यक्ष श्री मनराज जबेगु, इलाम नगरपालिका वार्ड नं. ५*
*उपाध्यक्ष श्री रनमाया तामाङ्ग, इलाम नगरपालिका वार्ड नं. ९*
*सचिव श्री होमबहादुर राई, इलाम नगरपालिका वार्ड नं. ६*

*कोषाध्यक्ष श्री दिपेश श्रेष्ठ, इलाम नगरपालिका वार्ड नं. ७*

**निर्णय नं. ९**
ें निर्णय गरियो ।
**निर्णय नं. १०**
स निर्णय गरियो ।
**निर्णय नं. ११**
झापादेखि निर्णय गरियो ।
**निर्णय नं. १२**
इलाम नगरपालिकाको
**निर्णय नं. १३**
इलामस्ने निर्णय गरियो ।
**निर्णय नं. १४**
इलाम निर्णय गरियो ।
**निर्णय नं. १५**
इलाम निर्णय गरियो ।
**निर्णय नं. १६**
स्थानीय

सञ्चालन
**निर्णय नं. १७**
इलामसमन्वय गर्ने निर्णय गरियो ।